# सोसेक नेपाल
## सुरक्षा नीति (Safeguarding Policy)२०२३

यस नीतिको उद्देश्य बालबालिका, जोखिममा रहेका महिला तथा संस्थासंग सम्बन्धित सम्पूर्ण व्यक्तिहरूको कल्याणको सुरक्षा र प्रवर्द्धन गर्न सोसेक नेपालको लागि दृष्टिकोण र प्रक्रियाहरू तय गर्नु हो। यो सोसेक नेपालको कामका सबै पक्षहरू र यसका लागि काम गर्ने सम्बन्धित व्यक्ति वा संस्थाहरूमा लागू हुन्छ, जसमा स्थायी र अस्थायी कर्मचारीहरू, सल्लाहकारहरू, कार्यसमितिका पदाधिकारीहरु, साझेदार संस्थाका कर्मचारी सदस्यहरू, सेवाग्राहीहरु, ठेकेदारहरू र विक्रेताहरू समावेश छन्।

सोसेक नेपालको सुरक्षातथा संरक्षण नीति अनुसार गर्न हुने र नहुने कुराहरु

१. उमेर, लिङ्ग, अपाङ्गता, जात, जातीयता, धर्म, वा यौन झुकावको पर्वाह नगरी सबै मानिसहरूलाई सम्मान र मर्यादाका साथ व्यवहार गर्नुपर्ने छ ।
२. सेवाग्राही तथा सहकर्मीहरुको लागि सुरक्षित, समावेशी र विभेदरहित वातावरण सिर्जना गर्न सहयोग गर्ने ।
३. सहमतिको कानुनी उमेरलाई ध्यान नदिई १८ वर्ष मुनिका कसैसँग वा कुनै पनिवयस्कसँग यौन गतिविधिमा संलग्न नहुने ।
४. यौन अनुग्रहको लागि पैसा, रोजगारी, सामान वा सेवाहरू साटासाट गर्न नहुने (यौन शोषण र दुर्व्यवहारको लागि शून्य सहनशीलता) ।
५. लाभग्राही वा समुदायका सदस्यहरूसँग व्यक्तिगत वा अनुचित सम्बन्ध राख्न नहुने।
६. कुनै पनि बालबालिका वा कमजोर व्यक्तिसँग निजी वा बन्द कोठामा एक्लै बस्न पाइने छैन ।
७. कुनै पनि सुरक्षा सम्बन्धी शंका वा घटना तुरुन्तै सम्बन्धित ***सुरक्षा सम्पर्क व्यक्ति*** लाई जानकारी दिने । सुरक्षा सम्बन्धि कुनै पनि मुद्दाको छानबिन वा अनुसन्धानमा पूर्ण रुपमा सहयोग पुर्‍याउने ।
८. सुरक्षा मामिलामा गोपनीयता कायम राख्नुपर्ने छ , तर आवश्यक तथा तोकिएको अधिकारीलाई अविलम्ब रिपोर्ट गर्ने ।
९. पीडितको जानकारी तथा अनुमति बिना सुरक्षा सम्बन्धि कुनै पनि मुद्दा सार्वजानिक गर्न नहुने तर कानुनी आवश्यकता भएमा गरेको विषय अपवाद हुन्छ।
१०. सेवाग्राही (विशेषगरी बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरू) को फोटो वा भिडियो खिच्नुभन्दा पहिला अनुमति लिने।
११. सामाजिक सञ्जाल वा अन्य माध्यमबाट आपत्तिजनक, अनुचित वा गोप्य सामग्री पोष्ट तथा सेयर नगर्ने ।
१२. आफ्नो पदको प्रयोग गरी आफ्नो मातहतका तथा सहकर्मी मित्रहरुलाई शारीरिक वा मानसिक रुपमा डर, त्रास, दवाव वा शोषण गर्न पाइने छैन । आफ्ना मातहतका सहकर्मीहरुलाई पक्षपात, नातावाद, अनैतिक कार्यहरू गर्न तथा ब्यतिगत स्वार्थको लागि काममा लगाउन पाउने छैन ।
१३. संस्थासंग सम्बन्धित तथा कार्यरत सहकार्मीहरुको ब्यतिगत सूचना तथा जानकारीको पूर्ण रुपमा गोपनीयता कायम गरि सम्बन्धित लाइन म्यानेजर वा तोकिएको अधिकारीलाई आवश्यक सही सूचना तथा जानकारी दिनु पर्ने छ ।
१४. संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको कार्यस्थल सफा, सुरक्षित र पहुँचयुक्त हुनु पर्नेछ साथै कर्मचारी हरुको मनोवल वृद्धि, क्षमता अभिवृद्धि, तनाव व्यवस्थापन र कार्यजीवन सन्तुलनमा जोड दिनुपर्छ।
१५. ड्युटी समयमा वा सेवाग्राहीसँगको सम्पर्कमा रहँदा मादक पदार्थ वा लागूपदार्थ सेवन गर्न पाइने छैन ।
१६. ईमानदारी, पारदर्शिता र उत्तरदायित्वका साथ काम गर्ने कुनै पनि किसिमको हितसङ्घर्ष (conflict of interest) बाट जोगिने र यदि त्यस्तो स्थिति भएमा सम्बन्धित अधिकारीलाई स्पष्ट जानकारी दिनुपर्ने छ ।
१७. सहकर्मीबीचको व्यवहार सम्मान, समानता, दुव्र्यवहार रहित हुनुपर्नेछ।
१८. कर्मचारीहरूलाई नियमित रूपमा संरक्षणसम्बन्धी तालिम र अभिमुखीकरण दिनुपर्छ ।
१९. आचारसंहिता उल्लंघन गरेमा अनुशासनात्मक कारवाही, जागिर निलम्बन तथा करार समाप्ति वा कानुनी कारवाही हुनेछ ।
२०. सबैले आचारसंहिता पढेर हस्ताक्षर गर्ने व्यवस्था। सोसेक नेपाल संग सम्बन्धि कर्मचारीभोलेन्टियर,परामर्शदाता, पदाधिकारीहरु सबैले यस सुरक्षा आचार संहिताको अनिवार्य पालन गर्नु पर्नेछ साथै सुरक्षा उलंघनलाई रोक्ने र सुरक्षा नीतिको कार्यन्वयनलाई प्रवर्द्धन गर्ने वातावरण सिर्जना र कायम राख्न योगदान गर्नुपर्ने छ ।

यसका साथै वयस्कहरुको आत्मसम्मानको रक्षा गर्दै, मानव ओसार पसार वेचविखन घरेलु हिंसा, महिला हिंसा तथा छापउपडीप्रथालाई दुरुत्साहित गर्दै महिला हिंसा विरुद्धको अभियानमा संलग्न हुने र मर्यादित महिनावारीलाई आत्मसाथ गर्दै महिलाहरुलाई घर तथा समुदायमा सम्मानका साथ बांच्न पाउने अधिकारको सुनिश्चिततामा सहभागि हुनेछौं र म यी माथी उल्लेखि कुनै पनि कुरामा विगतमा संलग्न नभएको स्वघोषणा गर्दछु र आगामी दिनमा पनि परिपालन गर्ने प्रतिवद्धता व्यक्त गर्दै माथि उल्लेखित नीतिलाई पूर्णरुपमा पालना गर्नेछु ।

नाम..
हस्ताक्षर
ठेगाना मितिः